आज मिति २०७७ साल जेष्ठ २१ गते बुधबारको दिन विहान ७:०० बजे नलगाड नगरपालिकाका नगर प्रमुख श्री टेक बहादुर रावल ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको वैठक बसी तपशिल बमोजिमको निर्णयहरु गरियो ।

उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री टेक बहादुर रावल | नगर प्रमुख | | |
| २. | श्री बाल कुमारी बस्नेत | नगर उप प्रमुख | | |
| ३. | श्री हिरालाल पुन | वडा नं. १ अध्यक्ष | | |
| ४. | श्री राम कुमार जैसी | वडा नं. २ अध्यक्ष | | |
| ५. | श्री प्रचण्ड वली | वडा नं. ३ अध्यक्ष | | |
| ६. | श्री लक्ष्मी बहादुर रावल | वडा नं. ४ अध्यक्ष | | |
| ७. | श्री केशव प्रसाद शर्मा | वडा नं. ५ अध्यक्ष | | |
| ८. | श्री पूर्ण बहादुर खड्का | वडा नं. ६ अध्यक्ष | | |
| ९. | श्री अर्जुन बहादुर सिंह | वडा नं. ७ अध्यक्ष | | |
| १०. | श्री गोविन्द शाही | वडा नं. ८ अध्यक्ष | | |
| ११. | श्री विष्णु वि.क. | वडा नं. ९ अध्यक्ष | | |
| १२. | श्री भद्र बहादुर ध्यार | वडा नं. १० अध्यक्ष | | |
| १३. | श्री जित बहादुर मल्ल | वडा नं. ११ अध्यक्ष | | |
| १४. | श्री लाल बहादुर खत्री | वडा नं. १२ अध्यक्ष | | |
| १५. | श्री नरेन्द्र शाही | वडा नं. १३ अध्यक्ष | | |
| १६. | श्री राममाया हमाल | नगर का.पा. सदस्य | | |
| १७. | श्री तारादेवि पुन | नगर का.पा. सदस्य | | |
| १८. | श्री गोपी वि.क. | नगर का.पा. सदस्य | | |
| १९. | श्री रुपा कुमारी ध्यार | नगर का.पा. सदस्य | | |
| २०. | श्री काशिराम घर्ति | नगर का.पा. सदस्य | | |
| २१. | श्री तिले बादी | नगर का.पा. सदस्य | | |
| २२. | श्री नर बहादुर नेपाली | नगर का.पा. सदस्य | | |
| २३. | श्री अस्मिता वि.क. | नगर का.पा. सदस्य | | |
| २४. | श्री सुरेन्द्र सिंह | नि.प्र.प्र.अधिकृत | | |

मिति : २०७७।०२।२१ गतेको वैठकका निर्णयहरु

## प्रस्तावहरु

१. मूख्यमन्त्री रोजगार कार्यक्रमको योजना छनौट सम्वन्धमा ।

२. क्वारेन्टिन व्यवस्थापन तथा आईसोलेशन स्थापना सम्वन्धमा ।

३. १५ शैयाको नगर स्वास्थ्य अस्पतालको जग्गा सम्वन्धमा ।

४. रकमान्तर गर्ने सम्वन्धमा ।

## नगर कार्यपालिका वैठकका निर्णयहरु

**निर्णय नं. १:** यस नलगाड नगरपालिकामा आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयनको लागि मिति २०७७।०२।०५ को कर्णाली प्रदेश मूख्यमन्त्री स्तरीय निर्णयानुसार नलगाड नगरपालिका वडा नं. २ र ३ को **छेप्का देखि कैना हुदै नेटिलेकसम्म सडक स्तरोन्नति योजना**को लागि रु. ६४,००,०००।० अक्षरुपी चौसठ्ठी लाख बजेट स्वीकृत भएकोमा नेपाल सरकारले लकडाउन (बन्दावन्दी) गरेको वर्तमान समय र योजना कार्यान्वयनको छोटो समयावधिको कारणले कार्यान्वयन हुन नसक्ने अवस्था रहेको हुँदा कर्णाली प्रदेश मूख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको प. सं. २०७६।७७ च.नं. १७९६ मिति २०७७।०२।१५ गतेको पत्रानुसार तपशिल बमोजिमका आयोजनाहरु कार्यान्वयन गर्न सहज हुने र स्थानीय जनताको सहभागिता भई अधिकतम रोजगारी सृजना भई प्रतिफल देखिन सक्ने भएकोले तपशिल बमोजिमको आयोजनाहरु छनौट गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरीयो ।

तपशिल

| क्र.स. | आयोजनाको नाम | स्थान | विनियोजित रु. | कैफियत |
|---|---|---|---|---|
| १. | भानेवगर, पाली, कल्पत, काभ्रापानी घो.बाटो निर्माण योजना | वडा नं. १ | ६,००,००० | |
| २. | छेप्का देखि गरीसम्म घोरेटो बाटो निर्माण योजना | वडा नं. २ | ४,००,००० | |
| ३. | सुर्योदय मा.वि. भवन मर्मत योजना | वडा नं. ३ | ४,५०,००० | |
| ४. | भानुभक्त मा.वि. मेसिनरी वाल निर्माण योजना | वडा नं. ४ | १३,००,००० | |
| ५. | डोल्या राजमार्ग देखि नलगाड हाईड्रोपावर भवनसम्म सडक स्तरोन्नति योजना | वडा नं. ७ | १९,००,००० | |
| ६. | बास्कोट घरंगा घोरेटो बाटो र महादेव प्रा.वि.फिल्ड निर्माण योजना | वडा नं. ९ | ५,७०,००० | |
| ७. | भेरीखोला देखि वोल्मारे पाल्त घोरेटो बाटो निर्माण | वडा नं. ११ | ७,३०,००० | |
| ८. | सिउन देखि कालिक्रियासम्म गोरेटो बाटो निर्माण | वडा नं. १३ | ३,००,००० | |
| ९. | आयोजना व्यवस्थापन खर्च (कन्टिजेन्सी) रु. | नगरक्षेत्र | १,५०,००० | |
| | जम्मा रु. | | ६४,००,००० | |

**निर्णय नं. २:** कोरोना भाईरस (COVID १९) संक्रमण, नियन्त्रण, रोकथाम तथा उपचार कार्यलाई व्यवस्थित, प्रभावकारी बनाउन यस नगरपालिका भित्र भारत लगायत अन्य मुलुक र नेपालको अन्य जिल्लाबाट आएका व्यक्तिहरुको व्यवस्थापन गर्न प्रत्येक वडाहरुमा क्वारेन्टिन निर्माण गरी व्यक्तिहरुको व्यवस्थापन गर्ने र त्रिभुवन प्रा.वि. दल्लीमा आईसोलेशन स्थापना गर्ने सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ३:** नलगाड नगरपालिकामा १५ शैयाको नगर स्वास्थ्य अस्पताल स्थापनाको लागि कम्तिमा ९ रोपनी जग्गाको आवश्यकता परको हुदाँ पूर्वमा नलगाड न.पा. वडा नं. ७ स्थित श्री शेर बहादुर नाथको घर, पश्चिममा नलगाड न.पा. वडा नं. ५ को श्री जनकल्याण आधारभुत विद्यालय गाँडेखोला, उत्तरमा डोल्पा राजमार्ग र दक्षिणमा नलगाड हाईड्रोपावरको कार्यालय भवनसम्म क्षेत्रमा निशुल्क जग्गा उपलव्ध गराउन चाहने जग्गा धनीहरुले १५ दिनभित्र नगर स्वास्थ्य अस्पतालको नाममा जारी भएको ९ रोपनी जग्गाको जग्गाधनी प्रमाणपत्र सहित नलगाड नगर कार्यपालिकाको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गर्ने र अन्यथा नगर सभाको निर्णय नै अन्तिम भईजाने व्यहोरा सहितको सर्वसम्मत निर्णय गरियो ।

**निर्णय नं. ४:** नलगाड नगरपालिकाको विनियोजन ऐन २०७६ को दफा ३ को उपदफा (२) बमोजिम तपशिल बमोजिमको योजनाबाट तपशिल बमोजिमको रकमान्तर गरी योजना कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

(क) नलगाड नगरपालिका वडा नं. ४ को जनता प्रा.वि. शौचालय निर्माण योजना, आमा समुहको कार्यालय व्यवस्थापन योजना, आई.सि.एस.नेपालसंग म्याचिंग योजना कार्यान्वयन हुन नसक्ने हुदाँ उक्त योजनाबाट रकमान्तर गरी तपशिल बमोजिमको योजना निर्माण गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | स्थान | रकमान्तर रु. | कुल बजेट रु. |
|---|---|---|---|---|
| १. | जनकल्याण आ.वि. देखि घुवारासम्म सडक मर्मत योजना | वडा नं. ४ | ३,००,०००।० | |
| | जम्मा रु. | | ३,००,०००।० | |

(ख) नलगाड नगरपालिका वडा नं. ४ को आरण सुधार कार्यक्रम योजना आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन हुन नसक्ने देखिएकोले उक्त योजनाबाट तपशिल बमोजिम योजनाहरु निर्माण गरी तपशिल बमोजिम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजनाको नाम | स्थान | रकमान्तर रु. | जम्मा बजेट रु. |
|---|---|---|---|---|
| १. | बाउसेखोला सडक मर्मत योजना | वडा नं. ४ | ५०,०००।० | ५०,०००।० |
| | **जम्मा रु.** | | **५०,०००।०** | **५०,०००।०** |

(ग) नलगाड नगरपालिका वडा नं. ४ को सुहारा कार्यक्रम योजना आर्थिक वर्ष २०७६।७७ मा कार्यान्वयन हुन नसक्ने देखिएकोले उक्त योजनाबाट तपशिल बमोजिम योजनाहरु निर्माण गरी तपशिल बमोजिम रकमान्तर गर्ने सर्वसम्मत निर्णय गरियो ।

तपशिल

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | स्थान | रकमान्तर रु. | जम्मा बजेट रु. |
|---|---|---|---|---|
| १. | हिमालय प्रा.वि. भातचिउरा पोशाक वितरण | वडा नं. ४ | ४०,०००।० | ४०,०००।० |
| | **जम्मा रु.** | | **५०,०००।०** | **५०,०००।०** |

टेक बहादुर रावल
नगर प्रमुख

वि.प्रमुख प्रशासकीय अधिकृत

नलगाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दल्ली, जाजरकोट
६ नं. प्रदेश, नेपाल
२०७३